# श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको
## सूचना

श्री ५ महाराजाधिराजबाट त्रिभुवन विश्वविद्यालयको कुलपतिको हैसियतले उप-कुलपति श्री जगतमोहन अधिकारीले मौसूफका हजूरमा चढाएको राजीनामा स्वीकृत गरिबक्सी उक्त रिक्त हुनआएको उप-कुलपति पदमा नियुक्तिको लागि मौसूफका हजूरमा सिफारिश चढाउन त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ को दफा १२ को उप-दफा (१) बमोजिम त्रिभुवन विश्वविद्यालय सभाका सदस्यहरूमध्येबाट देहायबमोजिमको एक समिति गठन गरिबक्सेको छः—

(१) मा. शिक्षा राज्यमन्त्री डा. डम्बरनारायण यादव।
(२) श्री लैनसिंह बाङ्देल, कुलपति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।
(३) श्री कल्याणविक्रम अधिकारी, गभर्नर, नेपाल राष्ट्र बैङ्क।

सो समितिले उक्त ऐनको दफा १२ को उप-दफा (२) बमोजिम विश्वविद्यालयका कुलपति श्री ५ महाराजाधिराजका हजूरमा सो पदको लागि कम्तीमा तीनजनाको नामावली सिफारिश चढाई पठाउनेछ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

३९२

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग